I. C. S. (Main) Exam : 2012

Sl. No

**E–DTN–M–JMD–14**

# NEPALI

**( Compulsory )**

| Time Allowed : Three Hours | Maximum Marks : 300 |
|---|---|

## INSTRUCTIONS

**Candidates should attempt ALL questions.**

**The number of marks carried by each question is indicated at the end of the question.**

**Answers must be written in Nepali (Devanagari Script), unless otherwise directed.**

**Prescribed word limit must be followed for Question No. 3. The précis must be attempted *only* on the special précis sheets provided separately. These précis sheets are to be securely attached to the answer-book.**

**Important Note**

**Whenever a question is being attempted, all its parts/sub-parts must be attempted contiguously. This means that before moving on to the next question to be attempted, candidates must finish attempting all parts/sub-parts of the previous question attempted. This is to be strictly followed.**

**Pages left blank in the answer-book are to be clearly struck out in ink. Any answers that follow pages left blank may not be given credit.**

**1.** तलको कुनै **एउटा** विषयमा *300* शब्दभित्र निबन्ध लेख्नुहोस् : 100

(क) भारत—वाणिज्यिक विकासको एउटा उदीयमान केन्द्र

(ख) हाम्रा महानगरहरू महिलाहरूका निम्ति कतिसम्म सुरक्षित छन्?

(ग) वन्य जीव-जन्तुको संरक्षण तथा प्रबन्धन

(घ) भारतमा व्यावसायिक शिक्षा

(ङ) मिथकीय सिनेमा-जगत्

**2.** तल दिइएको उद्धरण ध्यान लाएर पढ्नुहोस् अनि त्यसका आधारमा त्यसमुनि दिइएका प्रश्नका उत्तर स्पष्ट, सही र संक्षिप्त रूपमा लेख्नुहोस् : 10×6=60

धेरै जसो पाठकहरू किताबले उनीहरूलाई दिने क्षणिक मनोरञ्जन अथवा विश्रान्तिका निम्ति पढ्दछन्। अर्को शब्दमा, उनीहरू आफूलाई मन लागे अनुसार समय बिताउनका लागि पढ्दछन्। घरिघरि भनिएको पाइन्छ, समय अत्यन्त मूल्यवान् सम्पत्ति हो। धेरै पाठकहरू यस सम्पत्तिको फुर्मास गर्छन्। सुन्दा अविश्वसनीय लाग्छ, समय उनीहरूलाई असह्य लागिरहेको हुन्छ। अतः किताबहरूले यसबाट खण्ड-खण्ड रूपमा मुक्ति पाउने चित्तबुझ्दो उपाय उपलब्ध गराउँछन् भन्ने थाहा पाएर उनीहरू पढ्दछन्। उनीहरू अरू कुनै कुराका लागि पढ्न सक्तैनन् भन्ने कुरा स्पष्टै छ। यदि सक्ता हुन् त उनीहरू आफूले पढेकाबाट केही त लिएर जान्थे; तर उनीहरूले त्यसरी लगेको कुनै सङ्केत पाइँदैन। उनीहरूले जे पढे त्यसको उनीहरूमाथि केही न केही त प्रभाव परेको हुन सक्छ, तर उनीहरू प्रभावित भएका भए तापनि त्यसको चेतना उनीहरूमा छैन। अनि, जब हामी असचेत रूपमा प्रभावित हुन्छौं, त्यो प्रभाव लाभदायक हुन्छ कि हानिकारक, हामी भन्न सक्तैनौं। आफूले पढेका विषयमा केही भन्न नसक्नु नै उनीहरू पढाइबाट सचेत रूपमा केही पनि ग्रहण गर्न सक्तैनन् भन्ने कुराको प्रमाण हो।

(क) धेरै जसो मानिसहरूले पढ्नाका कारणहरू बारे लेखकको भनाइ के छ?

(ख) पाठकहरू समयको मूल्य बुझ्दैनन् भन्ने लेखकलाई किन लाग्छ?

(ग) पाठकले आफ्नो समय उपयोगी रूपमा बिताएको छैन भन्ने कुराको सङ्केत केले दिन्छ?

(घ) पाठकहरूले पढिसकेपछि के गरून् भन्ने लेखकको चाहना छ?

(ङ) लेखक असचेत पठनलाई किन हेलाँका दृष्टिले हेर्दछन्?

(च) लेखक कुन किसिमको पाठक चाहन्छन्?

**3.** तलको गद्यांशलाई एक-तिहाई भाग छोटो पारेर प्रस्तुत गर्नुहोस्। निर्धारित शब्द-सीमाभित्र लेख्न नसकेमा अङ्क घटाइन सक्छ। भाव-सङ्क्षेपण यसका निम्ति दिइएका छुट्टै पन्नामा लेख्नुपर्छ र उत्तर-पुस्तिकाभित्र सुरक्षित ढङ्गले बाँधेर राख्नुपर्छ : 60

पानी सबैभन्दा सामान्य र व्यापक रूपमा पृथिवीमा उपलब्ध पदार्थ हो जसले यसको सतहको 70 प्रतिशत क्षेत्र ढाकेको छ। विश्वमा पानीको कुल परिमाण 1·386 अरब क्युबिक किलोमिटर छ जसमध्ये लगभग 97 प्रतिशत नुनिलो पानी छ जुन पिउनयोग्य छैन। रहल 3 प्रतिशत जति मात्र ताजा पानी छ। यस ताजा पानीको 68·5 प्रतिशत अंश हिमचुलीहरू, हिमशैलहरू र स्थायी हिउँमा थुनिएको छ, अतः मानिसका लागि उपलब्ध छैन। ताजा पानीको प्रायः 30 प्रतिशत अंश भुइँमुनि रहेको छ अनि लगभग 0·9 प्रतिशत नदी, नाला र तलाउहरूमा सतहको पानीका रूपमा उपलब्ध छ। धेरै जसो हामी नदी, नाला र तलाउहरूबाट प्रत्येक दिन बग्ने 70 क्युबिक किलोमिटर ताजा पानी अनि भुइँमुनिको जल-भण्डारबाट निस्कने दैनिक 70 क्युबिक किलोमिटर ताजा पानीमा निर्भर रहन्छौं। यो आपूर्ति हजारौं वर्षदेखि निरन्तर चलिआएको छ। विशेषतः बितेका केही दशकदेखि बढ्दो घरेलु प्रयोजन, कृषि एवम् उद्योग सम्बन्धी क्रियाकलापहरूले गर्दा पानीको माग उत्तरोत्तर बढ्दो छ। सन् 1940 मा विश्वको जनसङ्ख्या 2 अरब छँदा प्रतिव्यक्ति वार्षिक जल-प्रयोग 1000

क्युबिक मिटर भन्दा कम्ती थियो। सन् 2000 मा आइपुग्दा जनसङ्ख्या 6 अरब पुग्यो अनि वार्षिक प्रतिव्यक्ति पानीको माग पनि बढेर 6000 क्युबिक मिटर पुग्यो जसले गर्दा विशेष गरी अधिक जन-आबादी भएका क्षेत्रहरू र पानीको अभाव भएका क्षेत्रहरूमा रहेका जल-स्रोतहरूमाथि धेरै दबाउ पर्न गयो। ताजा पानीको 70 प्रतिशत प्रयोग कृषिमा, 22 प्रतिशत उद्योग-धन्धामा र 8 प्रतिशत घरेलु क्षेत्रमा हुन्छ। विश्वको जनसङ्ख्यामा भइरहेको लगातार विस्फोट र ताजा पानीको मागमा भइरहेको लगातार वृद्धिले गर्दा सफा पानी झन् झन् विरल संसाधन बन्दै गइरहेको छ। उपलब्ध पानीको झन्डै आधा भाग प्रत्येक वर्ष प्रयोग हुँदै गइरहेछ। जनसङ्ख्या वृद्धि र बढ्दो मागले गर्दा सन् 2050 सम्ममा यो बढेर 74 प्रतिशत पुग्न सक्छ। सबैतिरका मानिसहरूले पानीको अतिशय प्रयोग गर्ने भनिएका हरदर अमेरिकेलीले जस्तै गरी जल-प्रयोग गरे भने यसको उपभोगको स्तर 90 प्रतिशत सम्म माथि पुग्नसक्ने छ।

ताजा पानीका स्रोतहरूको सबैभन्दा ध्यान दिन योग्य विशेषता के हो भने पृथ्वीमा तिनको वितरण समान रूपले भएको छैन। केही देशहरू पानीका धनी छन् भने अरू पानी-गरीब देशहरू छन् जसको वार्षिक प्रतिव्यक्ति जल-उपलब्धता 10767 करोड क्युबिक मिटर (ग्रिनल्यान्ड)-देखि लिएर खालि 10 क्युबिक मिटर (कुवेत)-सम्म पाइन्छ। भारतमा सन् 1951 मा वार्षिक प्रतिव्यक्ति जल-उपलब्धता 5177 क्युबिक मिटर थियो। सन् 2001 मा यो घटेर 1820 क्युबिक मिटर भएको छ जसले गर्दा यो जल-दरिद्र देशहरूका वर्गमा पर्नपुगेको छ। सन् 2025 सम्ममा प्रतिव्यक्ति उपलब्धता अझै घटेर 1340 क्युबिक मिटर हुने लख काटिएको छ।

संसारका धेरै जसो ठुल्ठुला नदी र तिनका भँगालाहरू एकाधिक देशहरूबाट भएर बग्दछन्। उदाहरणका लागि, गङ्गा र यसका भँगालाहरू नेपाल, भारत र बाङ्लादेश हुँदै बग्छन्, अनि सिन्धु

नदी र यसका भँगालाहरू भारत र पाकिस्तान हुँदै बग्दछन्। जर्मनीमा मुहान भएको दन्युब नदी अस्ट्रिया, स्लोवाकिया, हङ्गेरी, क्रोएसिया, सर्बिया, रोमानिया, बुल्गारिया, मोल्डाविया र युक्रेन हुँदै बहन्छ। जाम्बेजी नदी जाम्बिया, अङ्गोला, नामिबिया, बोत्स्वाना, जिम्बावे र मोजाम्बिक हुँदै बग्दछ। मिस्रदेशको जीवन-रेखा मानिने नील नदीको मूल उद्‌गम आठवटा अरू देशहरू—सुडान, इथियोपिया, केन्या, र्वान्डा, बुरुन्डी, उगान्डा, तान्जानिया अनि जायरमा रहेको पाइन्छ। एकाधिक देशहरू पार गर्दै बग्ने नदीको पानीको उपलब्धता वितरणका विषयमा तटवर्ती राज्यहरूमाझ सधैँ झगडा भइरहन्छन्। यस्ता झगडाहरू एसियाको दक्षिणी र मध्य भाग, मध्य युरोप एवं मध्यपूर्वका देशहरूमा ईसापूर्व 3000 वर्षदेखि हुँदै आएका पाइन्छन्। कृषि, उद्योग र घरेलु प्रयोगका निम्ति पानीको बढ्दो मागले गर्दा यस्ता झगडाहरूले गम्भीर रूप लिन लागिरहेका छन् अनि कोही कोही बेला त निकै आक्रामक रूप समेत धारण गरेको देखिन्छ।

देशभित्रै बग्ने नदीहरूको पानी स्थानीय र आञ्चलिक तहहरूमा बाँडेर चलाउने कुरा पनि एउटा सम्वेदनशील विषय हो। रोहिणी नदीको पानी बाँडेर चलाउने विषयमा शाक्यहरू र कोटीयहरू माझको झगडा मिलाउन गौतम बुद्धले (563–483 ई. पू.) हस्तक्षेप गर्नुपरेको थियो।

**4.** तलको गद्यांश नेपालीमा अनुवाद गर्नुहोस् : 20

I remember my father starting his day at 4 a.m. by reading the namaz before dawn. After the namaz, he used to walk down to a small coconut grove we owned, about 4 miles from our home. He would return, with about a dozen coconuts tied together thrown over his shoulder, and only then would he have his breakfast. This remained his routine even when he was in his late sixties.

I have throughout my life tried to emulate my father in my own world of science and technology. I have endeavoured to understand the fundamental truths revealed to me by my father, and feel convinced that there exists a divine power that can lift one up from confusion, misery, melancholy and failure, and guide one to one's true place. And once an individual severs his emotional and physical bondage, he is on the road to freedom, happiness and peace of mind.

**5.** तलको गद्यांश अङ्ग्रेजीमा अनुवाद गर्नुहोस् : 20

अस्पतालहरूको उद्भव धेरै प्राचीन कालदेखि भएको हो अनि ईस्वी सम्वत्को थालनी हुनुभन्दा अघि नै ग्रीस, मिस्र र भारतमा यस दिशातर्फको आरम्भ भएको थियो। आज संसारका धेरै जसो देशहरूमा सबै थरीका रोगोपचारको सुविधा उपलब्ध गराउने थुप्रैवटा सर्वरोगोपचारी अस्पतालहरू छन् जसले प्रशिक्षण र शोधकार्यका लागि पनि धेरथोर यथेष्ट व्यवस्था गरेका छन्; अनि धेरै सङ्ख्यामा ससाना संस्थाहरू पनि छन् जसमध्ये धेरैवटाले विशेष प्रकारका रोगहरूको उपचारप्रति, अथवा महिलाहरू र केटाकेटीहरूको चिकित्सा सम्बन्धी आवश्यकता पुरा गर्नतर्फ आफूलाई समर्पित गरेका छन्। संयुक्त अधिराज्य तथा संयुक्त राज्य अमेरिकामा त सरकारले अथवा नगरनिगमहरूले अस्पतालहरूलाई आर्थिक तथा प्रशासनिक सहायता दिनु सामान्य कुरा हो। यस पद्धतिले कामलाई आर्थिक अप्ठ्याराहरूद्वारा बाधित र सीमाबद्ध हुनबाट बचाउने मात्र होइन, ऊर्जाको बचतका साथै सम्पूर्ण जातिको सुविधाका लागि एउटा सुव्यवस्थित प्रणाली बसाउन समेत सहयोग गरेको छ। तर जोरदार आलोचनाको अभाव र फजूल खर्च गराइले गर्दा यसले एउटा निस्तेज, यांत्रिक, उत्साहहीन दिनचर्या र घट्तो कार्यकुशलतालाई स्थापित गराउने प्रवृत्ति पनि लिन्छ।

**6.** (क) तलका कुनै **चारवटा** उखानका अर्थ स्पष्ट पारेर लेख्नुहोस् : 5×4=20

*(i)* बाह्र वर्ष रामायण पढ्यो, सीता कसकी जोई !

*(ii)* गर्ने भन्ने हनुमान, पगरी गुथ्ने ढेडु।

*(iii)* आफै त महादेव उत्तानाटाङ, कसले दिने वर !

*(iv)* आकासको फल, आँखा तरी मर।

*(v)* हुटिट्याउँले सगर थाम्दैन।

*(vi)* कानो गोरुलाई औँसी न पुर्ने।

*(vii)* खान्नँ खान्नँ लोकाचार, खान लाग्यो मानाचार।

*(viii)* गधा धोएर गाई हुँदैन।

(ख) तलका कुनै **पाँचवटा** शब्दका विपरीतार्थक शब्द लेख्नुहोस् : 2×5=10

*(i)* लेक

*(ii)* निर्मल

*(iii)* रङ्क

*(iv)* भ्रष्टाचार

*(v)* साँघुरो

*(vi)* अभेक

*(vii)* सृष्टि

*(viii)* लैनो

*(ix)* हिउँद

*(x)* जाँगर

(ग) तलका कुनै **पाँचवटा** शब्दका तीन-तीनवटा पर्यायवाची रूप लेख्नुहोस् : 2×5=10

*(i)* बतास

*(ii)* पानी

*(iii)* बाटो

*(iv)* चरा

*(v)* घाम

*(vi)* फूल

*(vii)* मान्छे

*(viii)* किताब

*(ix)* छोरी

*(x)* घर

★ ★ ★